**December 29th, 2025**

**National News : 29.12.2025**

**आकाशवाणी**

---

***<u>मुख्य समाचार</u>***

***रक्षा अधिग्रहण परिषदले सशस्त्र बलहरूको क्षमता अभिवृद्धी गर्न उन्यासी हजार करोढ़ रूपियाँ प्रस्टावहरूलाई अनुमोदन गरेकोछ ।***

***राष्ट्रपति द्रौपदी मुर्मुले आज झारखण्डको जमशेदपुरको करन्डीह क्षेत्रको दिशाम जेहर्धनमा सन्थाली भाषाको ओल विर्क लिपिको शताबदी समारोहमा भाग लिनुभयो ।***

***कृषि किसान कल्याण तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले मनरेगा योजनामा भव्य विभिन्न कमजोडीहरूलाई सम्बोधन गर्न केन्द्र सरकारले विकसित भारत जी राम जी नामक नयाँ कानून ल्याएको बताउनुभयो ।***

***गृहमन्त्री अमित साहले प्रधानमन्त्री नरेन्द्र मोदीले नेतृत्वमा निगत 11 वर्ष अमस र अन्य पूर्वोत्तर राज्यहरूले ठूलो विकास देखे को भन्नुभएको छ ।***

***प्रधानमन्त्री नरेन्द्र मोदीले आज दोहामा भएको FIOR विश्व Rapid चैस च्याम्पियनशीपमा कांस्य पदक जितेकोमा अर्जुन एरिगैसी र □ढलीलाई बधाई दिनुभएको छ ।***

***<u>राष्ट्रपति - जमशेदपुर भ्रमण</u>***

राष्ट्रपति द्रौपदी मुर्मुले आज झारखण्डको जमशेदपुरको करन्डीह क्षेत्रको दिशाम जहेर्थनमा सन्थाली भाषाको ओल चिकी लिपिको शताब्दी समारोहमा भाग लिनुभयो। राष्ट्रपतिले जहेर्थनमा परम्परागत प्रार्थना गर्नुभयो र ओल चिकी लिपिका प्रवर्तक पण्डित रघुनाथ मुर्मुको प्रतिमामा माल्यार्पण गर्नुभयो।

२२ औं पारसी महा सन्थाली सम्मेलनमा आफ्नो मातृभाषा सन्थालीमा बोल्दै राष्ट्रपतिले संविधानलाई ओल चिकी लिपिमा अनुवाद गर्ने प्रयासको प्रशंसा गर्नुभयो। अनुवाद उपकरणहरू र एआई अनुप्रयोगहरू ओल चिकी लिपिमा विकास भएकोमा उहाँले खुशी व्यक्त गर्नुभयो। यस अवसरमा राष्ट्रपतिले पंडित रघुनाथ मुर्मुको प्रयासका कारण ओल चिकी लिपिको शताब्दी समारोह सम्भव भएको बताउनुभयो। ओल चिकी लिपिमा योगदान पुऱ्याउने लेखकहरूलाई पनि श्रीमती मुर्मुले सम्मान जनाउनुभयो।

---

***<u>प्रधानमन्त्री चेस च्याम्पियनशिप</u>***

प्रधानमन्त्री नरेन्द्र मोदीले आज दोहामा भएको FIDE विश्व र्‍यापिड चेस च्याम्पियनशिपमा कांस्य पदक जितेकोमा अर्जुन एरिगैसी र कोनेरु हम्पीलाई बधाई दिनुभएकोछ। सामाजिक सञ्जालमा एक पोस्टमा, श्री मोदीले चेस ग्रान्डमास्टरहरूको खेलप्रतिको समर्पणको प्रशंसा गर्नुभयो । प्रधानमन्त्रीले उनीहरूको उज्जवल भविष्यको कामना पनि गर्नुभयो।

---

## ***विकास भारत -जी-राम जी ऐन***

कृषि, किसान कल्याण तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले मनरेगा योजनामा भएका विभिन्न कमजोरी र अनियमितताहरूलाई सम्बोधन गर्न केन्द्र सरकारले "विकसित भारत, जी-राम जी" नामक नयाँ कानून ल्याएको बताउनुभयो। उत्तराखण्डको गौचरमा राज्यस्तरीय किसान दिवस-2025 कार्यक्रमलाई सम्बोधन गर्दै श्री चौहानले भन्नुभयो, मनरेगाले पहिले 100 दिनको रोजगारी प्रदान गर्थ्यो, तर नयाँ कानून अन्तर्गत यसलाई बढाएर 125 दिन गरिएको छ। कृषि मन्त्रीले उत्तराखण्डमा बागवानी, पशुपालन र मत्स्यपालन क्षेत्र विस्तार गरिने बताउनुभयो । उहाँले किसानहरूको आय बढाउन राज्यमा उत्पादित फलफूल, तरकारी र औषधीय जडीबुटीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड़िने बताउनुभयो। उनले किसानहरूलाई उच्च गुणस्तरका फलफूलका बिरुवाहरू उपलब्ध गराउन मुक्तेश्वरमा 100 करोडको लागतमा स्वच्छ बिरुवा केन्द्र स्थापना गरिने पनि बताउनुभयो। यसअघि, श्री चौहानले उत्तराखण्डका विभिन्न जिल्लाका किसानहरूसँग अन्तरक्रिया गर्नुभयो र कार्यक्रम स्थलमा उनीहरूले लगएका सटलहरूको भ्रमण समेत गर्नुभयो ।

---

## ***नेपाल-संसदीय निर्वाचन***

उपेन्द्र यादवको जनता समाजवादी पार्टी (जसपा) र महन्थ ठाकुरको लोकतान्त्रिक समाजवादी पार्टी (जसपा) एकताबद्ध भएका छन्। जेएसपी र लोसपा मधेशमा आधारित राजनीतिक दल हुन्। नेपालको आगामी संसदीय चुनावअघि दुवै नेताले आफ्ना दलहरूलाई पुनएकीकरण गर्ने सम्झौतामा हस्ताक्षर गरेका छन्। यो एकीकरणले मधेशी राजनीतिको प्रमुख पुनर्गठनको संकेत गर्छ र यसको उद्देश्य संघीय लोकतान्त्रिक गणतन्त्र प्रणालीलाई सुदृढ पार्नु साथै संघीयता, पहिचान, समानुपातिक समावेशीकरण र सामाजिक न्याय जस्ता प्रगतिशील एजेन्डाहरूलाई प्रवर्धन गर्नु हो। दलहरू एकीकरण गर्न सहमत भए पनि नयाँ पार्टीको नाम, चुनाव चिन्ह र संगठनात्मक संरचना जस्ता विवरणहरूलाई अझै अन्तिम रूप दिइँदैछ।

---

## ***उपराष्ट्रपति - पुडुचेरी अमन***

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले ए आई, स्वचालन, जैव प्रविधि र डिजिटल कनेक्टिभिटीले जीवनको हरेक पक्षलाई पुनः आकार दिइरहेको भन्नुभयेकोछ। उहाँले भन्नुभयो, मानिसहरूले उत्साह र नैतिक सावधानी दुवैका साथ प्रविधिलाई हेर्नुपर्छ । उपराष्ट्रपतिले युवा स्नातकहरूलाई सचेत गराउदै भन्नुभयो, डिजिटल उपकरणहरूले उत्पादकता र कनेक्टिभिटी बढाउन सक्छ, तर तिनीहरूलाई आलोचनात्मक सोच र समाजसँग अर्थपूर्ण संलग्नताको क्षमतालाई कम गर्न दिनु हुँदैन । पोन्डिचेरी विश्वविद्यालयका कुलपति सी.पी. राधाकृष्णनले विश्वविद्यालयको 30

औं दीक्षान्त समारोहको अध्यक्षता गरिरहेका थिए। आफ्नो सम्बोधनमा, श्री राधाकृष्णनले स्नातकहरूलाई राष्ट्रिय शिक्षा नीति-2020को राजदूत बन्न र जिज्ञासा, नवीनता र समावेशी उत्कृष्टताको भावनालाई अगाडि बढाउन आग्रह गरनुभयो।

---

***अमित शाह असम भ्रमण***

गृहमन्त्री अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा विगत 11 वर्षमा असम र अन्य पूर्वोत्तर राज्यहरूले ठूलो विकास देखेको भन्नुभएकोछ। उहाले आज असमको नागांव जिल्लामा एक जनसभालाई सम्बोधन गर्दै यो कथन दिएका हुन्। नागांव जिल्लाको बटाद्रवा थानमा पुनर्विकसित महापुरुष श्रीमन्त शंकरदेव अविरभाव क्षेत्रको उद्घाटन गरेपछि गृहमन्त्रीले पूर्वोत्तर क्षेत्रमा अहिले शान्ति र विकास भएको बताउनुभयो। गृहमन्त्रीले शहरको सुरक्षा प्रणालीलाई सुदृढ पार्न गुवाहाटी प्रहरी आयुक्तालयको नयाँ भवन र गुप्तचर शहर निगरानी प्रणालीको उद्घाटन साथै गुवाहाटीमा 5,000 क्षमता भएको ज्योति विष्णु सांस्कृतिक परिसरको पनि उद्घाटन गर्नुभयो। पश्चिम बंगाल जानुअघि, श्री अमित शाहले गुवाहाटीमा नवनिर्मित 'शहीद स्मारक क्षेत्र' मा असम आन्दोलनका शहीदहरुलाई श्रद्धाञ्जली समेट गर्नुभयो।

---

***महिला टी-२० क्रिकेट***

भारत र श्रीलंका बीचको पाँचौं तथा अन्तिम महिला टी-२० क्रिकेट खेल भोलि तिरुवनन्तपुरममा साँझ 7 बजे सुरु हुनेछ। हिजो चौथो खेलमा भारतले श्रीलंकालाई 30 रनले पराजित गर्यो। भारतले शृङ्खलामा 4-0 को अग्रता लिएको छ।

---

***राष्ट्रपतिको झारखण्ड भ्रमण***

राष्ट्रपति द्रौपदी मुर्मुले देशले फोहोर व्यवस्थापन र दिगो विकास जस्ता चुनौतीहरूको सामना गरिरहेको बताउनुभयो। यी चुनौतीहरूलाई सम्बोधन गर्न प्राविधिक विशेषज्ञता र सामाजिक तथा आर्थिक दृष्टिकोण दुवै आवश्यक पर्दछ। राष्ट्रपति आज झारखण्डको सराईकेला खरसावन जिल्लामा रहेको राष्ट्रिय प्रविधि संस्थान (एनआईटी) जमशेदपुरको १५ औं दीक्षान्त समारोहमा प्रमुख अतिथि हुनुहुन्थ्यो। राष्ट्रपतिले विद्यार्थीहरूलाई मानव कल्याणका लागि प्राविधिक प्रगतिको उपयोग गर्न आग्रह गर्नुभयो। उनले शैक्षिक संस्थाहरूको मूल्याङ्कन केवल श्रेणीकरण र भर्नामा मात्र नभई समाजमा उनीहरूको योगदानको आधारमा पनि गरिनुपर्छ भनिन्। राष्ट्रपतिले विद्यार्थीहरूले समावेशी र समृद्ध राष्ट्र निर्माण गर्न आफ्नो ज्ञान प्रयोग गर्नुपर्ने बताइन्। दीक्षान्त बलाउन प समारोहमा राज्यपाल सन्तोष कुमार गंगवार, मन्त्री दीपक बिरुआ र एनआईटी जमशेदपुरका निर्देशक प्राध्यापक गौतम सूत्रधरलगायत अन्य विशिष्ट व्यक्तिहरू उपस्थित थिए।

---

***रक्षा उद्योग परिषद्***

रक्षा अधिग्रहण परिषद् (DAC) ले सशस्त्र बलहरूको उत्पासी हवार क्षमता अभिवृद्धि गर्न 79,000 करोडको रुपियाँ प्रस्तावहरूलाई अनुमोदन गरेको छ। आज नयाँ दिल्लीमा परिषद्को बैठकको अध्यक्षता गर्दै रक्षामन्त्री राजनाथ सिंहले तीन सेवाहरू संलग्न यी प्रस्तावहरूलाई स्वीकृति प्रदान गर्नुभयो। रक्षा मन्त्रालयले भारतीय सेनाको तोपखाना रेजिमेन्टहरूको लागि लोइटर म्युनिसन प्रणाली, पिनाका मल्टिपल लन्च रकेट प्रणालीको लागि लो लेभल लाइटवेट राडार, लामो दूरीको निर्देशित रकेट गोलाबारुद, र एकीकृत ड्रोन डिटेक्शन एण्ड इन्टरडिक्शन सिस्टम Mk-II सहित विभिन्न रक्षा प्रणालीहरू खरिदका लागि अनुमोदन गरिएको बताएको छ।

---

***सर्वोच्च अदालत अरावली***

सर्वोच्च अदालतले अरावली पहाड र अरावली पर्वत शृङ्खलालाई परिभाषित गर्ने 20 नोभेम्बर को आफ्नो आदेशमा रोक लगाएको छ। प्रधान न्यायाधीश सूर्य कान्त र न्यायाधीशहरू जे. के. महेश्वरी र ए.जी. मसिह सम्मिलित अवकाश पीठले अरावलीको परिभाषासँग सम्बन्धित मुद्दाहरुको जाँच गर्न नयाँ विशेषज्ञ समिति गठन गर्न पनि आदेश दिएको छ। सर्वोच्च अदालतले पहिले स्वीकृत परिभाषाहरूमा स्पष्टीकरण आवश्यक रहेको र सर्वोच्च अदालतको नोभेम्बर २० को निर्देशन हाललाई लागू हुने बताएको छ। अदालतले यस विषयमा प्रतिक्रिया माग्दै केन्द्र सरकार र राजस्थान, गुजरात, दिल्ली र हरियाणालाई सूचना जारी गरेको छ। सर्वोच्च अदालतले अरावली पर्वत शृङ्खलाको परिभाषा सम्बन्धी चिन्ताहरूको बारेमा स्वीकृति लिएको थियो। डिसेम्बर २४ मा, केन्द्रीय वातावरण, वन र जलवायु परिवर्तन मन्त्रालयले अरावली क्षेत्रमा कुनै पनि नयाँ खानी पट्टाहरू प्रदान गर्न पूर्ण रूपमा रोक लगाउने राज्यहरूलाई निर्देशन जारी गरेको थियो।

---

***अन्त्यमा प्रमुख समाचार पुन एकपल्ट***

***रक्षा अधिग्रहण परिषदले सशस्त्र बलहरूको क्षमता अभिवृद्धी गर्न उन्यासी हजार करोढ़ रूपियाँ प्रस्टावहरूलाई अनुमोदन गरेकोछ ।***

***राष्ट्रपति द्रौपदी मुर्मुले आज झारखण्डको जमशेदपुरको करन्डीह क्षेत्रको दिशाम जेहर्धनमा सन्थाली भाषाको ओल विर्क लिपिको शताबदी समारोहमा भाग लिनुभयो ।***

***कृषि किसान कल्याण तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले मनरेगा योजनामा भव्य विभिन्न कमजोडीहरूलाई सम्बोधन गर्न केन्द्र सरकारले विकसित भारत जी राम जी नामक नयाँ कानून ल्याएको बताउनुभयो ।***

***गृहमन्त्री अमित साहले प्रधानमन्त्री नरेन्द्र मोदीले नेतृत्वमा निगत 11 वर्ष अमस र अन्य पूर्वोत्तर राज्यहरूले ठूलो विकास देखे को भन्नुभएको छ ।***

*प्रधानमन्त्री नरेन्द्र मोदीले आज दोहामा भएको **FIOR** विश्व **Rapid** चैस च्याम्पियनशीपमा कांस्य पदक जितेकोमा अर्जुन एरिगैसी र □ढलीलाई बधाई दिनुभएको छ।*

---